नेपाल सरकार

# देवदह नगरपालिका कार्यालय

केरवानी - ५, देवदह, रुपन्देही,

प.स. : ०७४/०७५
चलानी नं. 3210

मिति : २०७४/०७/०१

हामी नेपालीहरुको घर आँगनमा यस वर्षको महत्वपूर्ण पर्व तिहार (दीपावली-२०७४) आएको छ । तिहारसँगसँगै नेपाल संवत ११३८ र छठ पर्व समेत आउदैछ । आआफ्ना गच्छे अनुसार यी पर्व मनाएर असल सँस्कार र सँस्कृतिको संरक्षण गर्न हामी प्रतिबद्ध छौ ।

पर्वको बहानामा कृत्रिम अभाव सिर्जना गर्ने, खाद्य सामग्रीमा अखाद्य कुरा मिसावट गर्ने, मूल्य वृद्धि गर्ने जस्ता अवैध र अमानवीय काम कसैवाट हुनेछैन भन्ने विश्वास राख्दै नगरमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न स्थानीय सम्पूर्ण नगरवासीले सहयोग गर्नु हुने अपेक्षा गर्दछु ।

देवदह नगरपालिकाभित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण सम्पदा र स्थलहरुमा व्यापारिक प्रयोजनका लागि बोर्ड राख्ने, भित्तामा व्यापारिक सन्देश लेख्ने, फ्लेक्सबोर्ड, व्यानर राख्ने वा टाँस्ने जस्ता काम कसैले नगरौ । आन्तरिक तथा बाह्य पर्यटक र पाहुनाहरुसँग मित्रवत व्यवहार गरौ । सडकमा यत्रतत्र फोहर नफालौ । कुहिने नकुहिने फोहर घरघरमै अलग गरेर छुट्याएर राख्ने अनि मात्र नगरपालिकाको ट्रेक्टरमा फाल्ने व्यवस्था गरौ । आआफ्नो घर/निवास, कार्यालय सेरोफेरो र सडक सफा राख्नु प्रत्येक सचेत र सभ्य नागरिकको कर्तव्य ठानेर सुन्दर सफा, हराभरा र समुन्नत देवदह बनाउन सवैले सहयोग गरौ । नगरपालिकालाई तिर्नुपर्ने कर समयमै तिरौ, नगरको विकास निर्माणमा सक्दो टेवा पुऱ्याऔ ।

अन्त्यमा, चाडपर्वमा क्षमताअनुसार खर्च गरौ, अनावश्यक ऋणमा नडुबौ । देउसी भैलो कार्यक्रम साँझ ९ बजे सम्म मात्र खेलौ । स्वदेशमै उत्पादित सामग्रीको प्रयोग गरौ । स्थानीय उद्योगलाई प्रोत्साहित गरौ । मादक पदार्थ, जुवातास जस्ता कुलत त्यागौ र त्याग्न सघाऔ । तिहार (दीपावली), नेपाल संवत ११३८, छठ र मोहरम पर्वको शुभ अवसरमा निर्वाचित जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, उद्यमीव्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मीहरु लगायत सम्पूर्ण देवदहवासीमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना प्रकट गर्दछु ।

हिरा बहादुर खत्री
नगर प्रमुख
देवदह नगरपालिका

हिरा बहादुर खत्री
प्रमुख